REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN
BROADCAST: 18:40 hrs Date: 27.01.2025

---

*CM sonam Losar*

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले प्रत्येक जाति तथा समुदायका संस्कृति, परम्परा र रीति थीतिको संरक्षण गर्नुपर्ने आवश्यकतामाथि जोड़ दिनुभएको छ।

उहाँ आज सोरेङको जौटारमा तामाङ समुदायको पर्व सोनाम लोसार समारोहलाई मुख्य अतिथिको रूपमा सम्बोधन गर्दैहुनुहुन्थ्यो।

श्री तामाङले भन्नुभयो वर्तमान सरकारले राज्यका प्रत्येक समुदायको पर्वलाई वृहत रूपमा पालन गर्दै आइरहेछ र यस्ता चाड़ पर्व मनाउनुको उद्देश्य लोप हुन लागेको परम्परा, संस्कृति र सम्यतालाई बचाइराख्नु हो।

मुख्यमन्त्रीले भन्नुभयो राज्य सरकार सबै समुदायलाई एकसूत्रमा बाँधेर राज्यलाई सुखी, समृध्द र समर्थ सिक्किम बनाउने दिशातर्फ अघि बढ़िरहेछ।

सोरेङ च्याखुङ समस्टिका विधायक श्री आदित्य गोलेले प्रस्तुत गर्नुभएको माँगहरूमाथि बोल्दै उहाँले भन्नुभयो क्षेत्रमा वाहन विसौनी स्थलका लागि नवासी करोड़ रूपियाँ अनुमोदन भइसकेको छ।

मुख्यमन्त्रीले जौटार खेल मैदान निर्माण गर्ने, ट्राफिक व्यवस्थालाई ध्यानमा राखेर वैकल्पिक सड़कको निर्माण गर्ने अनि मल्लीमा तामाङ संस्कृति तथा अनुसन्धान केन्द्र निर्माण गरिने बचन दिनुभयो।

कार्यक्रममा समाजका निम्ति उल्लेखनीय योगदान दिने तामाङ समुदायका एघार जना व्यक्तिहरूलाई सम्मान गरियो।

समारोहमा अन्य गण्यमान्य व्यक्तिहरू बाहेक दार्जीलिङका विधायक श्री निरज जिम्बाको पनि उपस्थिती थियो।

राज्यमा सोनाम लोसार आउँदो बिहीबार तीस जनवरीका दिन भनाइनेछ।

---

*Governor National Integration Tour*

राज्यपाल श्री ओम प्रकाश माथुरले आज राजभवनबाट बौध्द परिपथको रास्ट्रिय एकीकरण यात्रालाई झण्डी हल्लाएर प्रस्थान गराउनुभयो।

भारतीय सेनाको त्रिशक्ती कोरद्वारा आयोजित यात्राको उद्देश्य रास्ट्रिय एकताको सम्बर्ध्दन गर्नु, विद्यार्थीहरूलाई विभिन्न संस्कृतिबारे अवगत गराउनु अनि सिक्किम र देशका अन्य ठाउँका विद्यार्थीहरूबीच लाभप्रद अर्न्तक्रिया गराउनु रहेको छ।

प्रमुख बौध्द तीर्थस्थलहरूको भ्रमण सम्बन्धी यात्रा बेङडुबीदेखि शुरू भएर नालन्दा, राजगीरी गया, वाराणसी, सारनाथ, कुशीनगर, श्रवस्ती र लखनउ हुँदै वेङदुबीमै समाप्त हुनेछ।

नाम्ची जिल्लाको काब्रे सरकारी माध्यमिक पाठशालाका जम्मा बीसजना विद्यार्थीहरू र दुइजना शिक्षकहरू यात्रामा सहभागी हुनेछन्।

विद्यार्थीहरूसितको संक्षिप्त कुराकानीमा राज्यपालले यात्राको शैक्षिक मूल्यबारे अवगत गराउनुभयो र भन्नुभयो यसले मूल्यबारे अवगत गराउनुभयो र भन्नुभयो यसले भारतको धनी सांस्कृतिक र आध्यात्मिक धरोहरबारे जानकारी प्राप्त गर्नमा विद्यार्थीहरूलाई महत्वपूर्ण अवसर उपलब्ध गराउनेछ।

कार्यक्रममा अन्य बाहेक सत्र माउण्टेन डिभिजनका GOC श्री एम एस राठोर उपस्थित हुनुहुन्थ्यो।

रास्ट्रिय एकीकरण यात्राको समापन समारोह छ फरवरीका दिन सुकुना मुख्यालयमा आयोजित हुनेछ।

---

*National GamesTarundeep*

अडतीसौं रास्ट्रिय खेल उत्तराखण्डमा भोलिदेखि शुरू हुनेछ।

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले देहरादूनको महाराणा प्रताप स्टेडियममा यसको उद्घाटन गर्नुहुनेछ।

यसमा देशभरिका दसहजारभन्दा धैरै खेलाड़ीहरूले भाग लिनेछन्।

रास्ट्रिय खेलमा चारपल्टसम्म ओलेम्पिकमा भाग लिने सिक्किमका धनुर्धर तरूणदीप राईको पनि सहभागिता रहनेछ।

राज्यको एक्काइस सदस्यीय टोलीमध्ये श्री राईले यसमा पहिलोचोटि सिक्किम राज्यको प्रतिनिधित्व गर्दैहुनुहुन्छ।

अड़तीसौं रास्ट्रिय खेल चौध फरवरीका दिन सम्पन्न हुनेछ।

यसमा सिक्किमले धनुकाँड़, बक्सिङ, एथलेटिक्स, साइकल सवारी र महिला फुटबल गरी पाँचवटा खेलमा प्रतिस्पर्धा गर्नेछ।

आकाशवाणी गान्तोकसितको छुट्टै कुराकानीमा आफ्नो भावना साझा गर्दै तरूणदीप राई।

*Pakyong Airport*

पाकिम हवाईअड्डा लगभग दस महीनाको अन्तरालपछि आउँदो तीस मार्चदेखि पुन : संचालित हुने आशा छ।

पाकिम हवाईअड्डाका निदेशक श्री सञ्जीव कुमार सिंहको भनाइमा ग्रीस्म यामको आरम्भिक समय तालिका अनुरूप spicejet हवाईअड्डा कोलकाताबाट पाकिम विहन एघार बजेर तीस मिनटमा आइपुग्नेछ भने गुवाहाटी मध्यान्ह बाह्र बजी प्रस्थान हुनेछ।

यसै गरी गुवाहाटीबाट पाकिम दिउँसो दुई बजेर तीस मिनटमा आइपुगेपछि तीन बजी कोलकाताका निम्ति यसले उडान भर्नेछ।

सबै हवाईजहाज दैनिक रूपमा संचालन हुने आशा गरिएको छ।

---

*Weather*

राज्यमा आज बिहान आकाश खुल्ला रहेर घाम लागे तापनि दिउँसो धुम्मिनाले राज्यवासीहरूलाई जाड़ोको अनुभव गरायो।

स्थानीय मौसम विज्ञान विभागको रिपोर्ट अनुसार बितेको चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रमा न्यूनतम तापमान सात दशमलउ सात डिग्री सेल्सियस रेकार्ड गरियो।

विभागको पूर्वानुमानमा भोलि हलुका वर्षा हुनेछ अनि अधिकतम तापमान चौध डिग्री सेल्सियस र न्यूनतम तापमान छ डिग्री सेल्सियस रहनेछ।